# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, असार ८ गते २०३३ साल [संख्या १०

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

खण्ड २४ मिति २०३१।८।१७ अतिरिक्ताङ्क ३५ (क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठनभएको कृषि सामग्री संस्थानको दफा ४ (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही संस्थानको दफा ४ (१) को सञ्चालक समितिको सट्टा देहायको दफा ४ को उप–दफा (१) राखी संस्थाको अध्यक्ष तथा सदस्यहरूमा हेरफेर र थप गरेको छ ।

(१) संस्थाको एउटा सञ्चालक समिति (यसपछि "समिति" भनिएको) रहनेछ जस्मा देहायबमोजिमको अध्यक्ष र सदस्यहरू रहनेछन्:–

(क) सचिव, खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय– – – – –अध्यक्ष

(ख) महा-प्रवन्धक कृषि सामग्री संस्थान– – – – –सदस्य

(ग) महा-निर्देशक खाद्य तथा कृषि बजार सेवा विभाग– – – –सदस्य

(घ) उप-महानिर्देशक कृषि विभाग– – – –सदस्य

(ङ) प्रतिनिधि– अर्थ मन्त्रालय– – – – –सदस्य

(च) प्रतिनिधि– कृषि विकास बैङ्क– – – – –सदस्य

(छ) प्रतिनिधि– नेपाल राष्ट्र बैङ्क– – – – –सदस्य

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

646

686

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।